# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, साउन ८ गते २०६३ साल (संख्या १३

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय ताहाचल, काठमाडौंलाई THE JAPANESE RED CROSS SOCIETY, TOKYO बाट उपहार स्वरुप प्रदान गरिने जापानी येन ६३,०१,२००.०० (त्रिसठ्ठी लाख एक हजार दुई सय) मूल्य बराबरको स्टेशनरी तथा खेलकुद सामग्री आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध नेपाल नेत्रज्योति संघ, त्रिपुरेश्वर, काठमाडौंद्वारा सञ्चालित GETA EYE HOSPITAL, DHANGADI KAILALI को लागि ईनफिल फाउण्डेसनबाट उपहार स्वरुप प्रदान गरिने जापानी येन १२,७६,५००.०० (बाह्र लाख

छयहत्तर हजार पाँचसय) तथा अमेरिकी डलर ३८,३४८.०० (अठतीस हजार तीन सय अठ्चालिस) मूल्य बराबरको चिकित्सा उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गत चिकित्साशास्त्र अध्ययन संस्थान डिनको कार्यालय अन्तर्गत अपग्रेडिङ्ग एजुकेशन परियोजनालाई चिकित्सा विषयको स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरूको अध्ययन अध्यापनको लागि चाइना मेडिकल वोर्ड न्यूयोर्कले अनुदान सहयोग स्वरुप प्रदान गरिने अमेरिको डलर ६३,८०५.०० (त्रिसट्ठी हजार आठ सय पाँच) मूल्य बराबरको म्यानिकिनहरू आयात गर्दा भन्सार महसुल, मूल्य अभिवृद्धि कर र स्थानीय विकास शुल्क छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी भक्तपुर क्यान्सर अस्पतालको लागि SIEMENS Medical Solutions जर्मनीबाट अमेरिकी डलर २०,९५०.०० (बीस हजार नौ सय पचास) मूल्य बराबरको Ultrasound Machine आयात गर्दा मूल्य अभिवृद्धि कर र स्थानीय विकास शुल्क पुरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



38

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३० को दफा ३ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको पदाधिकारीहरूलाई देहायबमोजिमको राजस्व न्यायाधिकरणमा देहायबमोजिम कार्य गर्ने गरी तोकिएको छः–

१. राजस्व न्यायाधिकरण विराटनगरको कानून सदस्य एवं अध्यक्ष पदमा पुनरावेदन अदालत विराटनगरका न्यायाधीश श्री विनोदप्रसाद ढुंगेललाई हप्ताको ३ दिन कार्य गर्ने गरी तोकिएको,

२. राजस्व न्यायाधिकरण काठमाडौंको कानून सदस्य एवं अध्यक्ष पदमा पुनरावेदन अदालत पाटनका न्यायाधीश श्री केशरीराज पण्डितलाई हप्ताको ५ दिन कार्य गर्ने गरी तोकिएको,

३. राजस्व न्यायाधिकरण पोखराको कानून सदस्य एवं अध्यक्ष पदमा पुनरावेदन अदालत पोखराका न्यायाधीश श्री मोहनप्रसाद घिमिरेलाई हप्ताको १ दिन कार्य गर्ने गरी तोकिएको,

४. राजस्व न्यायाधिकरण नेपालगञ्जको कानून सदस्य एवं अध्यक्ष पदमा पुनरावेदन अदालत नेपालगञ्जका न्यायाधीश श्री जागेश्वर सुवेदीलाई हप्ताको १ दिन कार्य गर्ने गरी तोकिएको ।

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव

## नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

### रेडियो सञ्चार (लाइसेन्स) (पहिलो संशोधन) नियमावली, २०६३

रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

रेडियो ऐन, २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "रेडियो सञ्चार (लाइसेन्स) (पहिलो संशोधन) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम १० मा संशोधनः रेडियो सञ्चार (लाईसेन्स) नियमावली, २०४९ को नियम १० को उपनियम (४) पछि देहायका उपनियम (४क.) र (४ख.) थपिएका छन्:–

"(४क.) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो उपनियम प्रारम्भ हुँदाका बखतसम्म लाइसेन्स नविकरण नगराएको व्यक्तिले एक पटकको लागि यो उपनियम प्रारम्भ भएको मितिले तीन महिनाभित्र त्यस्तो लाइसेन्स नवीकरण गराउन लाइसेन्स दिने अधिकारी समक्ष दरखास्त दिन सक्नेछ ।

(४ख.) कुनै व्यक्तिले उपनियम (४क.) बमोजिम लाइसेन्स नवीकरण गर्नका लागि दरखास्त दिएमा लाइसेन्स नवीकरण गर्नका लागि यो नियमावली बमोजिम लाग्ने नवीकरण दस्तुर, उपनियम (४) बमोजिम लाग्ने शत प्रतिशत जरिवाना र सो जरिवाना रकम बराबरको थप जरिवाना लिई लाइसेन्स दिने अधिकारीले त्यस्तो लाइसेन्स नवीकरण गरी दिन सक्नेछ ।"

आज्ञाले,
नारायणप्रसाद रेग्मी
नेपाल सरकारको निमित्त सचिव



२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## भूल सुधार

खण्ड ५६, संख्या १२ नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना तथा सञ्चार मन्त्रालयको पहिलो सूचनामा सूचना १ हुनुपर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ ।

मुद्रण विभाग ।

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो हु द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।